annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १४६ पृष्ठ १०| काठमाडौं, सोमबार ७ असोज २०८१ | आश्विन कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४४ | MONDAY, SEPTEMBER 23, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# वैदेशिक लगानी प्रतिबद्धता उच्च, भित्रिने रकममा केही सुधार

आर्थिक वर्ष ०८१/८२ मा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई)मा हालसम्मकै उच्च प्रतिबद्धता व्यक्त भयो। अर्थात् विभिन्न मुलुकबाट ६१ अर्ब ९० करोड ४५ लाख रुपैयाँ बराबरको वैदेशिक लगानीको प्रतिबद्धता आयो। जुन शतप्रतिशत वृद्धि थियो। लगानीको प्रतिबद्धता सँगै भित्रिने रकम पनि बढ्दै गएको सरकारी अधिकारीहरू बताउँछन्। लगानीका लागि वातावरण बनाएर वैदेशिक लगानी धेरैभन्दा धेरै भित्र्याउनुपर्ने विज्ञहरूको सुझाव छ।

समाचार पृष्ठ २

**ममता थापा** | *काठमाडौं*

**- को रिपोर्ट**




## पक्राउ परे छवि, त्रस्त रवि



**केशरराज क्षेत्री** | *काठमाडौं*

सहकारी ठगी प्रकरणमा गोर्खा मिडिया नेटवर्क प्रालिका सञ्चालक छविलाल जोशी पक्राउ परेका छन्। उनलाई आइतबार साँझ काठमाडौंबाट प्रहरीले पक्राउ गरेको हो। काठमाडौं महानगरपालिका-१ नक्साल निवासी जोशी सेवा निवृत्त नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक (डीआईजी) समेत हुन्। उनको जन्मघर मालारानी-२ अर्घाखाँची हो।

सहकारीकै रकम गोरखा मिडियामार्फत दुरुपयोग गरेको आरोप लागेका पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछाने यस घटनासँगै त्रस्त बनेका छन्। उनले आइतबार राति कार्यालयमा कार्यकर्ताको भीड जम्मा गरी आफूलाई सरकारले पक्राउ गर्न चाहेको बताए। त्यसो गरे आफू प्रतिवादमा उत्रने उद्घगोष पनि गरे। राति अबेलासम्म रास्वपा कार्यालयमा कार्यकर्ता र सर्वसाधारणको विशाल भीड उर्लियो।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिले बुझाएको प्रतिवेदनमा जोशीलाई कानुनअनुसार कारबाहीका लागि सिफारिस गरेको थियो। समितिले जोशीसहित गोर्खा मिडिया नेटवर्कका अध्यक्ष गितेन्द्रबाबु (जीबी) राई, तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने र सञ्चालक कुमार रम्तेललाई कारबाहीका लागि सिफारिस गरेको थियो। समितिले प्रतिनिधिसभामा प्रतिवेदन बुझाएलगत्तै त्यसलाई सरकारसमक्ष पठाउन सभामुखले निर्देशन दिएका थिए।

बाँकी पृष्ठ ६

